प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश

LEARN . GROW . SUCCEED

प्रदेश प्रशासन सेवा, प्रशासन/लेखा समूह, चौथो तह,

प्रशासन/लेखा सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८३/०६/१०

पत्र: द्वितीय

पूर्णाङ्क: १००

समय: २ घण्टा ३० मिनेट

विषय: कार्यालय व्यवस्थापन

निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (Section-A)

1. जनतालाई सेवा प्रवाह गर्न किन कार्यालय नै चाहिन्छ ? कार्यालयको महत्व स्पष्ट पार्नुहोस् । (२+३=५)
2. कार्यालयीय पत्राचार (Official Correspondence) भन्नाले के बुझिन्छ ? विद्युतीय पत्राचार (Email/Online Correspondence) प्रयोग गर्दा सुरक्षा र गोपनीयता सम्बन्धी के-कस्ता सावधानी अपनाउनुपर्छ ? चर्चा गर्नुहोस् । (१+४=५)
3. अभिलेख व्यवस्थापनमा परम्परागत प्रणाली र आधुनिक प्रणालीको प्रकृति बारे छोटो चर्चा गर्नुहोस् । (२.५+२.५=५)
4. सेवाग्राहीको गुनासो किन व्यवस्थापन गर्नुपर्दछ ? गुनासो व्यवस्थापन कसरी गर्न सकिन्छ, लेख्नुहोस् । (२.५+२.५=५)
5. टिप्पणी लेखन भनेको के हो ? टिप्पणी लेखन गर्दा के के कुरामा ध्यान दिनुपर्छ ? स्पष्ट पार्नुहोस् । (४+६=१०)
6. कार्यालय व्यवस्थापनमा सञ्चारका माध्यमहरु उल्लेख गर्दै तिनीहरुको प्रभावकारी प्रयोग गर्ने उपायहरु लेख्नुहोस् । (४+६=१०)

खण्ड-ख (Section-B)

7. राज्यका मुख्य नीतिहरु उल्लेख गर्दै संविधानमा किन यस्ता नीतिहरुको व्यवस्था गरिएको हो ? लेख्नुहोस् । (३+२=५)
8. गण्डकी प्रदेश सभाको गठन कसरी हुन्छ ? उल्लेख गर्नुहोस् । (५)
9. नेपालको संविधान अनुसार नागरिकलाई कुन-कुन मौलिक हक दिइएको छ ? मौलिक हकको अभ्यास गर्दा नागरिकले कस्तो कर्तव्य पालना गर्नुपर्छ ? उदाहरणसहित व्याख्या गर्नुहोस् । (५+५=१०)
10. विकासमा नागरिक सहभागिताको महत्व उल्लेख गर्दै नागरिक सहभागिता बढाउन के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् । (५+५=१०)

MIRAS ACADEMY
CONTACT
9851335414 / 15
LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

खण्ड-ग (Section-C)

11. तलका समस्याको समाधान गर्नुहोस् ।

क) एउटा संख्यालाई २ ले गुणन गरी ६ जोडेर आएको परिणामलाई ४ ले भाग गर्दा भागफल १० आउँछ भने उक्त संख्या कति होला ? उक्त संख्याको ५१ सँगको अनुपात कति होला ? ६८ मा उक्त संख्या कति प्रतिशत हो ? (१+१+१=३)

ख) एउटा नलले २० मिनेटमा २०० लिटर पानी दिन्छ । अर्को नलले २५ मिनेटमा सबै पानी खाली गर्छ । दुवै नल एकैचोटि खोलियो भने १० मिनेटमा कति लिटर पानी ट्याङ्कीमा जम्मा हुन्छ ? पत्ता लगाउनुहोस् । (२)

12. एउटा सामानलाई नाफा लिई रु. १५० मा बेचियो । यदि उक्त सामानलाई रु. १३५ मा बेचिएको भए सांविक नाफाको ५०% बराबर नोक्सान हुने थियो भने उक्त सामानको खरीद मूल्य निकाल्नुहोस् । (५)

13. एक व्यक्तिलाई प्रति महिना रु. ८००० तलब र बिक्री रकमको २.५ % कमिसन दिने पहिलो प्रस्ताव गरिएको छ र दोस्रो प्रस्तावमा तलब बिना केबल १२% कमिसन दिने गरिएको छ । यदि औषत मासिक बिक्री रकम रु. १००००० छ भने उक्त व्यक्तिका लागि कुन प्रस्ताव लाभदायक हुन्छ र कति रकमले लाभदायक हुन्छ ? (५)

14. नविनले २ वर्षसम्म मनोज र प्रदिपलाई जम्मा रु. ६६०० ऋण दिए । मनोजले वार्षिक १५ प्रतिशत सरल ब्याज र प्रदिपले सोही दरमा चक्रवृद्धि ब्याज तिर्न राजी भए । मनोजले प्रदिप भन्दा ११२.५ रुपैयाँ बढी ब्याज तिरेको भए नविनले प्रत्येकलाई कति ऋण दिएको रहेछ पत्ता लगाउनुहोस् ? (५)

15. PSTN टेलिफोनको मासिक १७५ कल सम्म न्यूनतम रु. २०० महसुल तिर्नुपर्छ । त्यसपछि प्रत्येक कलको रु.१ थप महसुल बुझाउनु पर्छ । यदि लाइनबाट एक महिनामा २६७ कल टेलिफोन भएछ भने,


क) उक्त महिनाको टेलिफोनको कुल महसुल (TC) पत्ता लगाउनुहोस् । (२)

ख) सेवा शुल्क (TSC) र मूल्य अभिवृद्धि कर (VAT) निकाल्नुहोस् । (२)

ग) उक्त महिनाको जम्मा टेलिफोन महसुल कति हुन्छ ? (१)

16. चित्रमा दिइएको ठोस वस्तु एउटा वर्गाकार आधार भएको पिरामिड र वर्गाकार आधार भएको प्रिज्मको संयुक्त रुप हो । यदि सो ठोसको पूरा सतहको क्षेत्रफल 864 cm^2 भए,

(चित्रमा दिइएका नापहरु: 10 cm, 12 cm, 12 cm)



क) वर्गाकार आधारको लम्बाई पत्ता लगाउनुहोस् । (१)

ख) पिरामिडको ठाडो उचाई कति होला ? (२)

ग) ठोस रुपको पूरा आयतन निकाल्नुहोस् । (२)

-समाप्त-

LEARN • GROW • SUCCEED
MIRAS ACADEMY
लोकसेवा तयारी | बैंकिङ तयारी | शिक्षक सेवा तयारी | सर्वेक्षण तयारी
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)